# धार्चे गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

### अन्तिम प्रतिवेदन

## गाउँ कार्यपालिकाको कार्यालय

माछीखोला, गोर्खा, गण्डकी प्रदेश

२०७६

# दुई शब्द

नेपालको संविधान २०७२ को अनुसुची ८ मा उल्लेख गरिएको स्थानीय कर सम्बन्धी प्राप्त अधिकार कार्यन्वयनको लागि आवश्यक नीति नियम, संगठनात्मक व्यवस्था, सुचना तथा तथ्यांक लगायत विविध क्षेत्रमा क्रमिक रुपमा सुधार गर्दे जानु पर्ने आवश्यक देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र वित्तिय स्रोतको पहिचान, मूल्यांकन र त्यसमा करको दायरा निर्धारण गर्न सक्ने संघ र प्रदेश सरकारबाट उपलब्ध अनुदान तथा राजस्व वाडँफाँड वाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, वहाल विरौटी कर लगाउने अधिकार स्थानीय सरकारलाई रहेको छ । स्थानीय सरकारले स्वदेशी संघ संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने नेपाल सरकारको पूर्व स्वीकृती लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकार भित्र रहि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारलाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेखिय अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार यस गाउँपालिकाले व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेको छैन । जसको मुख्य कारण दुर्गम स्थानीय तह भएकोले र कर्मचारीको अभाव, केन्द्रसंगको पहुँचमा कमी, स्थानीय तहको संरचना नयाँ भएकोले त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सुचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन र अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि यस गा.पा. को नेतृत्वमा सहभागितामुलक पद्धति अवलम्बन गरि राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । गा.पा.को आग्रह अनुरुप यस प्रतिवेदनमा राजस्व परिचालनको वर्तमान अवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रतिवेदनले राजस्व सुधारको लागि गर्नुपर्ने विस्तृत योजनाहरुको पहिचान र सोको आधारमा आगामी आ.ब. को आयको प्रक्षेपण समेत गरेको छ । गाउँपालिका पदाधिकारी, कर्मचारी, स्थानीय व्यवसायी तथा वुद्धीजीवी लगायतको सक्रियतामा यो प्रतिवेदन तयार भएको छ । र यस बाट गाउँपालिकाको राजस्व सुधारका क्षेत्रमा गर्नु पर्ने कार्यक्रम तयार पार्ने आधार उपलब्ध भएको छ ।

अन्तमा यस राजस्व सुधार कार्ययोजना तयार पार्न सहयोगी दातृ निकाय UK AID/ MM को सहयोगमा सञ्चालित पुर्णिमा परियोजना र यसै परियोजना अर्न्तगतका परामर्शदाता SDIC लगाएत सवैलाई धार्चे गा.पा.परिवार धन्यवाद ज्ञापन गर्दछ ।

..............................

(सन्त वहादुर गुरुङ्ग)

धार्चे गाउँ पालिका अध्यक्ष

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *धार्चे गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **तयार गर्ने :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौ* |
| **सहयोग :** | *पूर्णिमा : भूकम्प पश्चात्‌को पुनर्लाभमा वेलायती सहयोग नियोगको सहयोग* |
| **मिति :** | *बैशाख २०७६* |

**कृतज्ञता ज्ञापन**

धार्चे गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री सन्त बहादुर गुरुङ्ग, उपाध्यक्ष श्री फुलमाया गुरुङ्ग, प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम पाण्डे, पूर्णीमा परियोजनाका योजना सल्लाहकार श्री सुर्य बरामु तथा गाउँकार्यपालिकाका सदस्यहरू, गाउँपालिकाका कर्मचारीहरू, स्थानीय होटल व्यवसायीहरू लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

# विषय सूची

**परिच्छेद – एक : परिचय ........ १**

१.१ प्रतिवेदनको बारेमा ........ १

१.२ राजस्व सुधार योजनाको औचित्य ........ १

१.३ कार्यक्रमको उद्देश्य ........ २

१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया ........ २

*१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........ २*

*१.४.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास ........ २*

*१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम ........ २*

*१.४.४ तथ्याङ्क/सूचना संकलन ........ ५*

*१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी ........ ५*

*१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश ........ ५*

*१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना ........ ५*

*१.४.८ प्रतिवेदनको अन्तिम रुप ........ ५*

१.५ अध्ययनको सीमा ........ ६

**परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय ........ ७**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ ७

२.२ गाउँपालिकाको मानवीय संसाधन ........ ९

२.३ राजश्व शाखाको अवस्था ........ १०

२.४ गाउँपालिकाको भौतिक सम्पत्ति ........ ११

**परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ १२**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........ १२

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ १५

३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ १७

*३.३.१ कर राजस्व ........ १७*

*३.३.२ गैर कर राजस्व ........ १९*

**परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ २३**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ........ २३

४.२ विगतको आय परिचालनको अवस्था ........ २४

४.३ गाउँपालिकाको आन्तरिक आयमा योगदान ........ २५

४.४ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ........ २५

४.५ राजस्व परिचालनमा रहेका सवालहरू ........ २६

**परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना ........ २७**

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना .............................................. २७

**परिच्छेद – छ : आगामी ३ वर्षको आय प्रक्षेपण .............................................. ३०**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण .............................................. ३०

६.२ गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक आयको प्रक्षेपण .............................................. ३२

**परिच्छेद – सात : निष्कर्ष तथा सुझाव .............................................. ३६**

७.१ निष्कर्ष तथा सुझाव .............................................. ३६

७.२ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन .............................................. ३६

**अनुसूचीहरू.............................................. ३८**

अनुसूची १ : सन्दर्भ सामग्रीहरू .............................................. ३९

अनुसूची २ : तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची .............................................. ४०

अनुसूची ३ : प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण .............................................. ५०

अनुसुची ४ : मस्यौदा प्रतिवेदनको प्रस्तुती तथा छलफल कार्यक्रमको उपस्थिति विवरण .............................................. ५२

## तालिका सूची


तालिका १: गाउँपालिकाका कर्मचारीहरूको विवरण........................................................१०

तालिका २: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था.............................१५

तालिका ३: नदिजन्य पदार्थ उत्खनन परिमाण सम्बन्धी विवरण........................................१९

तालिका ४: राजस्व परामर्श समिति..........................................................................२३

तालिका ५: गाउँपालिकाको आय संकलनको अवस्था (रु. हजारमा)....................................२४

तालिका ६: गाउँपालिकाको आन्तरिक आयमा योगदान...................................................२५

तालिका ७: राजस्व सूधार कार्ययोजना......................................................................२७

तालिका ८: राजस्व सूधार कार्ययोजनाका आधारमा आय प्रक्षेपणका आधारहरू.......................३०

तालिका ९: चालू आ.ब.को अनूमान तथा आगामी ३ बर्षको आय प्रक्षेपण (रु हजारमा).............३२

तालिका ११: प्रक्षेपित आय संरचना........................................................................३६

# परिच्छेद – एक : परिचय

## १.१ प्रतिवेदनको बारेमा

यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको धार्चे गाउँपालिकाले पूर्णिमाः भूकम्प पश्चात्को पुर्नलाभमा वेलायती सहयोग नियोगको सहयोग कार्यक्रमको आर्थिक सहयोग तथा एस.डी.आई.सी.को प्राविधिक सहयोगमा तयार गरेको हो । यो प्रतिवेदनमा धार्चे गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सो का आधारमा आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सो को अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउनेछ । यस प्रतिवेदनमा निम्न विषय वस्तुहरूलाई समेटिएको छ ।

१. राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
२. गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीन वटै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न प्रकारका अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजश्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेका छैनन । जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रकृयामा सुधारका लागि धार्चे गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस योजना तर्जुमा गर्दा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण गरी आन्तरिक आय सुधारकालागि समस्या तथा अवसरहरूको पहिचान गरिएको छ ।

## १.३ कार्यक्रमको उद्देश्य

धार्चे गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरू, राजस्व परामर्श समिति, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

## १.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनकालागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य मुख्य सामग्रीहरू **अनुसूची १** मा दिईएको छ ।

### *१.४.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषणपश्चात् परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम*

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि एसडिआइसीबाट खटिएको परामर्शदाताको टोली २०७५ माघ १४ गते धार्चे गाउँपालिकाको माछीखोला बजार पुगी गाउँपालिकाका अध्यक्षसंग प्रारम्भिक भेटघाट गरेको थियो, सो छलफलमा अर्को दिनको कार्यक्रमको ढाँचा, कार्यक्रमकालागि लाग्ने समय र हासिल गर्न खोजिएको उपलब्धीहरूका विषयमा छलफल गरिएको थियो । गाउँपालिकाको राजस्व परिचालन सम्बन्धमा गाउँपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समिति, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूलाई अभिमुखीकरण गर्न तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नकालागि २०७५ माघ १५ गते एक दिने अभिमुखीकरण कार्यक्रम तथा

राजश्व सुधार कार्ययोजना कार्यशालाको आयोजना गरिएको थियो । अभिमुखीकरण कार्यक्रमको उद्घाटन कार्यक्रमको अध्यक्षता गाउँपालिकाका अध्यक्ष श्री सन्त बहादुर गुरुङ्गले गर्नु भएको थियो भने कार्यक्रमको संचालन गाउँपालिकाका आर्थिक प्रशासन शाखा प्रमुख श्री गणेश बहादुर रानामगरले गर्नु भएको थियो ।



उद्घाटन कार्यक्रममा राजश्व परामर्श समितिका संयोजक श्री फुलमाया गुरुङ्गले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको आवश्यकतामाथि प्रकाश पार्नु भएको थियो । सहजकर्ता श्री सुरेन्द्र वाग्लेले कार्यक्रमको उद्देश्य तथा राजश्व सुधार कार्ययोजनाले समेट्ने विषयहरूमा प्रकास पार्नुभएको थियो । उद्घाटन कार्यक्रमको अन्त्यमा गाउँपालिकाका अध्यक्ष श्री सन्त बहादुर गुरुङ्गले राजश्व अभिवृद्धिकालागि यस कार्यक्रमले गाउँपालिकाले यस आर्थिक वर्षमा प्रक्षेपण गरेको राजश्व असुलीकालागि आगामी दिनमा गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारी उपायहरूको पहिचान हुने र हालसम्म आएका समस्या तथा अस्पष्टतामा हट्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको उद्घाटनपश्चात् पहिलो शेसनमा परामर्शदाताहरू श्री बिमल पोखेल र सुरेन्द्र वाग्लेले सहजीकरण गर्नु भएको थियो । गाउँपालिकाले वर्तमान अवस्थामा कुन कुन कर तथा गैर करका शिर्षकहरू अन्तर्गत आन्तरिक आय संकलन गरिरहेको छ भनी छलफल गर्दै टिपोट गरिएको थियो । तत्पश्चात स्थानीय तहको राजस्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरूको प्रस्तुती र त्यसमाथि छलफल भएको थियो । गाउँपालिकाका आन्तरिक आयका मुख्य स्रोतहरू, तिनको सम्भाव्यता तथा हालको राजश्व परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरूमा समेत छलफल भएको थियो । अन्त्यमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरूको आवश्यकता र संकलन प्रकृयाका बारेमा प्रस्तुती तथा छलफल गरिएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा गाउँपालिकाको राजस्व सुधारका उपायहरू खोजी गर्नेमा केन्द्रित गरिएको थियो । धार्चे गाउँपालिकाको राजस्व सुधारकालागि गर्नुपर्ने क्रियाकलापहरू पहिचानको गर्न सहजकर्ताहरूद्वारा सहभागीहरूलाई तपशिलमा उल्लेखित चार समूहमा विभाजन गरी कार्ययोजना बनाउन समूह कार्य गराइएको थियो :

**समूह १ : राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण**

**समूह २ : कर राजस्व सुधार योजना**

**समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)**

**समुह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)**

समूहलाई निष्कर्षमा पुग्न सहजकर्ताहरूबाट आवश्यक सहयोग प्रदान गरिएको थियो । समूह नेताले समूह कार्यको निष्कर्ष प्रस्तुत गराई सो माथि छलफल गरी सुझाव संकलन गरिएको थियो । समूह कार्यका लागि ब्राउन पेपर उपयोगमा ल्याइएको थियो ।

| समूह १ : राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण | समूह २ : कर राजस्व सुधार योजना |
|---|---|
|  |  |
| प्रस्तुतकर्ता : श्री फुलमाया गुरुङ्ग<br>(राजश्व परामर्श समिति संयोजक) | प्रस्तुतकर्ताः ना.सु श्री लाल प्रसाद भट्टराई |

| समूह ३ : गैरकर राजस्व सुधार योजना<br>(नयाँ क्षेत्र समेत) | समुह ४ : राजस्व प्रशासन<br>(आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय) |
|---|---|
|  |  |
| प्रस्तुतकर्ता : श्री राज गुरुङ्ग वडा नं ४ | प्रस्तुतकर्ता : प्रमुख प्रशासकिय अधिकृत श्री बाबुराम पाण्डे |

कार्यक्रमको समापनका अवसरमा गाउँपालिकाका अध्यक्ष श्री सन्त बहादुर गुरुङ्गले कार्यक्रम अन्त्यन्त लाभदायी भएको जानकारी गराउँदै तपशिलमा उल्लेखित कुराहरू राख्नु भएको थियो :

- *करका दायराहरूलाई बढाएर सम्पूर्ण व्यवसायीलाई करको दायरामा ल्याउने*
- *आय कर संकलनकालागि सबै वडाहरूमा शिविर सञ्चालन गर्ने*
- *पान नम्बर प्राप्त गर्ने फर्म गाउँपालिकाले नै भरेर सम्बन्धित निकायमा पठाउने*
- *उद्योग वाणिज्य संघको इकाई गठन गरी व्यवसायीहरूसंग समन्वय गर्ने*
- *लेखा परिक्षणकालागि माछी खोलामा करदाताकालागि सहयोग गर्ने फर्म खोल्नकालागि सहजीकरण गर्ने*
- *कर्मचारीको मनोबल वृद्धि गर्न कर्मचारीलाई पुरस्कार तथा दण्डको व्यवस्था गर्ने*
- *नयाँ करका दायराको पहिचान गरी कार्यान्वियन तर्फ जोड दिने ।*
- *घर ठेगाना व्यवस्थापन प्रणाली लागु गर्ने*

अन्त्यमा यस कार्यक्रममा सहयोग पुऱ्याउनुहुने सम्पूर्णलाई धन्यवाद दिंदै कार्यक्रम समापन गर्नु भएको थियो । पहिलो चरणको कार्यशालाको कार्यक्रम तालिका यस कार्ययोजनाको **अनुसूची ३** र प्रारम्भिक कार्यशालाको उपस्थिति विवरण **अनुसूची ४** मा दिइएको छ ।

### *१.४.४ तथ्याङ्क/सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्वारा गाउँपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना

### *१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी*

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सुचनाहरूलाई विभिन्न तथ्यांकिय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरि राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### *१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश*

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको थियो ।

### *१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना*

गाउँपालिकाको आयोजनामा २०७५ साल चैत्र ९ गते **"राजस्व सुधार कार्ययोजना तर्जुमा"** मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रम आयोजना गरी सुझाव संकलनका लागि एक दिने कार्यक्रम संचालन गरिएको थियो । राजश्व परामर्श समितिका संयोजक श्री फुलमाया गुरुङको अध्यक्षतामा राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सन्त बहादुर गुरुङ, प्रमुख प्रशासकिय अधिकृत श्री बाबुराम पाण्डे, लेखापाल गणेश बहादुर राना, वडा नं ५ का अध्यक्ष तुल बहादुर गुरुङ, उद्योग वाणिज्य संघ इकाईका संयोजक लगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो । यस कार्यक्रममा प्राविधिक टोलीका तर्फबाट श्री सुरेन्द्र वाग्ले र प्रेम प्रसाद दवाडीले शिर्षकगत रुपमा मस्यौदा प्रतिवेदनका मुख्य मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीका विषयवस्तुहरूमा विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन गरिएको थियो । गाउँपालिकाका अध्यक्ष श्री सन्तोष गुरुङले यस योजनाले गाउँपालिकालाई आन्तरिक आय वृद्धि गर्न निकै सहयोग पुग्ने बताउनु भएको थियो । कार्यक्रममा सहभागीहरूको नामावली **अनुसूची ५** मा दिइएको छ ।



### *१.४.८ प्रतिवेदनको अन्तिम रुप*

कार्यकमका मुख्य सरोकारवाला पक्षहरूद्वारा मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाह प्राप्त भएको थियो । त्यसैगरी मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यकमबाट पनि विभिन्न सुझाव तथा सल्लाहहरू

प्राप्त भएको थियो । यसरी प्राप्त सार्न्दभिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको हो ।

## १.५ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग सम्बन्धित प्रत्यक्ष तथा अप्रत्यक्ष पक्षहरूलाई समावेश गरिएको छ । यसले गाउँपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

**अवस्थितिः** धार्चे गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको उत्तरी भागमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा धादिङ्ग जिल्लाको रुबीभ्याली गाउँपालिका र चीन, पश्चिममा सुलीकोट गाउँपालिका, उत्तरमा चुमनुब्री गाउँपालिका, र दक्षिणमा आरुघाट गाउँपालिका पर्दछन । यस गाउँपालिकाको केन्द्र वडा नं ५ स्थित माछीखोला बजारमा बुढी गण्डकी नदिको किनारमा रहेको छ । नेपाली सेनाद्वारा निर्माणाधिन वेनिघाट आर्खेत लार्के सडकले यस गाउँपालिकाको वडा नं २ र ७ बाहेक सबै वडालाई छोएको छ । यस राजमार्गले प्रशिद्ध मनास्लु हिमाल तथा गणेश हिमाल आरोहणको आधारशिला तथा चीनको स्वसाशित क्षेत्र तिब्बतसम्म पुग्न सहयोग गर्नेछ । यस गाउँपालिकाको हालको केन्द्र माछीखोलाबाट आरुघाट बजारसम्मको दुरी ३० कि.मी. र लाप्राक बारपाक हुँदै गोरखा सम्मको दुरी अन्दाजी ७२ कि.मी रहेको छ । २८.१३५७ डिग्री उत्तरी अक्षांस र ८४.५२२८ डिग्री पूर्वी देशान्तरमा फैलिएको यस गाउँपीलिकाको क्षेत्रफल ६५२ वर्ग कि.मि.रहेको छ । यस गाउँपालिकाको बुढी गण्डकी नदि प्रमुख रुपमा रहेको छ । यस बाहेक म्याक्लुङ्ग खोला, राइचेत खोला, लुती खोला, लिसिङ्गपुक खोला, चेर्पु खोला, नौली खोला, रिचेत खोला, छोटे खोला, औखला खोला, खिउडी खोला, माछी खोला जस्ता खोलाहरू रहेका छन । यी खोलाहरूमा लघु जलविद्युत आयोजना सञ्चालनमा ल्याई करीब ४३३ किलोबाट बिजुली निकालिएको छ ।

### गाउँपालिकाको गठन

जिल्लाको साविकका केरौजा,उहिया, लाप्राक, गुम्दा, काशीगाउँ र लापु गरी ६ वटा गाविसहरू समावेश गरी नेपालको संविधानको भाग ५ मा व्यवस्था भए अनुसार राज्यको पूनर्संरचना गर्ने क्रममा नयाँ स्थानीय तहको रूपमा २०७३ साल फागुन २७ गतेबाट संचालनमा आएको हो । जम्मा ७ वटा वडाहरूमा विभाजित यस गाउँपालिकामा वि.सं. २०६८ सालको जनगणना अनुसार ३१३० घरधुरी रहेको छ । कुल जनसंख्या १३,२६४ रहेको यस गाउँपालिकामा पुरुष ६००२ र महिला, ७२६२ जना रहेका छन ।

### गाउँपालिकाको नामाकरण

प्रकृतिका पुजारी यहाँका बासिन्दा आफ्नो घरबाट बाहिर कतै प्रस्थान गर्ने बेलामा आफ्नो रक्षा एवं कार्यसिद्धिका लागि खोलानाला एवं डाँडाकाँडाको पूजा गर्ने गर्छन । यसरी पूजा गर्दा धर्च (कपडाको टुक्रा) ढुङगाको देउरालीमा चढाउने वा काठको लट्ठीमा बाधेर गाड्ने प्रचलन छ । स्थानीय गुरूङ भाषामा ध्वजा (कपडाको सानो टुक्रा) लाई धर्च र डाँडाकाँडालाई गाङ भनिन्छ । बोल्दै जाने क्रममा यही शब्द अपभ्रम्स भइ धार्चे डाँडा भन्ने प्रचलन रहेको भनाई पाइन्छ । यही धार्चे डाँडाको नामबाट यस गाउँपालिकाको नामांकरण गरिएको हो ।

### आर्थिक तथा सामाजिक अवस्था

यस गाउँपालिकामा भरपर्दो सडक सञ्जालले जोडिनसकेको अवस्थामा गोरेटो बाटो नै आवत जावतको माध्यम बनेको छ । मनास्लु हिमाल तथा गणेश हिमालको प्रवेशद्वारको रुपमा रहेको यो गाउँपालिकामा बनाइएका पदमार्गबाट स्थानीयबासी तथा पर्यटकहरू आवागमन गर्ने गर्दछन । यस गाउँपालिकाका सम्वृद्धिका आधारहरूमा जल, जङ्गल र जडीबुटीको पर्याप्तता, प्रशस्त पर्यटकीय उद्गम स्थल, मनोरम प्राकृतिक सौन्दर्यता पर्दछन ।

बेनीघाट, आर्खेत हुँदै लार्केपाससम्म जोड्ने सडकले यस गाउँपालिकाका वडा नं १, ३, ५, र ७ लाई प्रत्यक्ष रुपमा छोएर गएको छ । माछीखोलाबाट लाप्राक, बारपाक छेपेटार हुँदै बाह्र किलो सम्म जोड्ने रोडले वडा नं ४ र ५ लाई छोएर जाने छ । आरुघाट गाउँपालिकाको मान्बु हुँदै आएको सडकले वडा नं ६ को काशीगाउँ वडा नं २ को

केरौंजा हुँदै वडा नं १ को हुल्चुकसम्म पुग्नेछ । हाल यो बाटो काशीगाउँसम्म पुगेको छ ।  खानेपानीको सन्दर्भमा कुरा गर्दा ३ वटा वडामा १ घर १ धारा निर्माण गरी खानेपानीको व्यवस्थापन गरिएको छ ।

यस गाउँपालिकाका प्रमुख बस्तीहरूमा हुल्चुक गाउँ र दोभान गाउँ, ठुलोढुङगादेखि यारूबगरसम्म रहेका समुदाय (वस्ती) हरू, रून्चेत गाउँ, केरौंजाबेशी, लामाबेशी र केरौंजा गाउँ, उहिया, खोर्लागाउँ, खोर्लाबेशी, लाक्पल, बिम्चेत, दुङला, उहिया माथिल्लो गाउँ, लाप्राक, NRN ले गुम्सी पाखामा निर्माण गर्न लागेको नमुना वस्ती, गुम्दा गाउँ, सिडला गाउँ, यामगाउँ, लब्सीबोट गाउँ र माछीखोला, काशीगाउँ, चामाखर्क र यार्सागाउँहरू, पौटु, लापु गाउँ, भिरकुना, लिदिङ, लापुबेशी, खानीगाउँ आदि गाउँहरू पर्दछन ।

विशेषगरि माछी खोला बजार, यारुवगर र लापुबेशी व्यापारिक केन्द्रको रुपमा विकसित हुँदै जाने संभावना बोकेको छ । यी क्षेत्रहरूमा खोलिएका होटलहरू पदयात्राकालागि आउने पर्यटकहरूकालागि खाना तथा आवासको व्यवस्था उपलब्ध गराउने खालका छन । यस गाउँपालिकाको केन्द्रमा सिभिल बैंकको शाखा खोल्ने क्रममा रहेको छ ।



धार्चे गाउँपालिकामा वसोवास गर्ने मुख्य जाति मध्ये ८२.७४ प्रतिशत गुरुङ्ग, ११.२९ घले र अन्यमा क्षेत्री, ब्राह्मण तथा कामी रहेका छन । यस गाउँपालिका क्षेत्रको मुख्य आर्थिक क्रियाकलाप कृषिमा आधारित छ । विशेष गरी धान, गहुँ, कोदो, मकै, आलु जस्ता बालीहरू यहाँका प्रमुख बालीहरू हुन । पशुपालनमा भेडा तथा बाखापालन प्रमुख रुपमा रहेका छन । यस बाहेकका आर्थिक क्रियाकलापमा व्यापार व्यवसाय, सरकारी सेवा र अन्य सेवामुलक रोजगारी रहेका छन । वडा नं १ र ३ माध्यमिक विद्यालय नभएका कारण अध्ययनकालागि अन्य स्थानहरूमा जानुपर्ने वाध्यता रहेको छ । माछीखोलाबाट गुम्दा, लाप्राक, बारपाक हुँदै गोरखा जोड्ने बाटो तथा अन्य सबै वडाहरूलाई भरपर्दो सडक सञ्जालले जोड्दा यहाँका आलु सिमी, लगायत अगार्निक तरकारीले बजार पाउने छ । यसका साथै पर्यटकीय क्षेत्रमा जम्मा भएको कवाडी सामानहरूको संकलन तथा बिक्रीकालागि सहज हुनेछ ।

**प्राकृतिक सम्पदा**

गाउँपालिकाको करिव २३९५७.५८ हेक्टर जमिन वन क्षेत्रले ओगटेको छ । चट्टानले २४९.८७ हेक्टर जमिन ढाकेको छ । गोरखा जिल्लाको प्रमुख नदीहरूमध्येको बुढी गण्डकी नदी यस क्षेत्रमा पर्ने हुनाले मुख्य प्राकृतिक सम्पदाहरूमा ढुङ्गा, गिट्टी, वालुवा प्रमुख रुपमा रहेको छ । यसको अलावा खोटो, जडिबुटीहरू र अन्य काष्ठ तथा गैरकाष्ठ उत्पादनहरू वनक्षेत्रबाट हुने मुख्य उत्पादन हुन् ।

**धार्मिक, साँस्कृतिक एवं पर्यटकीय सम्पदा**

यस क्षेत्रका प्रमुख पर्यटकीय स्थलहरूमा तातो पानी कुण्ड (माछी खोला), झाँकी पुल (इस चाम) धार्चे डाँडा, हिम ताल, एन आर एन मोडेल भिलेज (लाप्राक), क्युलुम्चेत परिदृश्य, धार्चे चिंकार (प्राकृतिक शिवलिङ्ग), ह्यारि हिल ( डम्फु डाँडा) लापु वेसि, भि.सि. हिल (रुकाङ डाडा), थमन गुरुङ भि.सि. पार्क (सिङ्ला), सगरमाथा आरोहि पार्क भुमेकाङ (लाप्राक), क्याण्टी लिभर पुल (यारु खोला), दिदी वहिनी हिल (यारु वगर), गणेश कुण्ड (रुन्चेत), गणेश हिमाल वेश क्याम्प (हुल्चुक), काला पोखरी (रुन्चेत), ताम्लाकोट (केरौजा), खोर्ला कोट, चुङकाङ (भिरकोट) गुम्दा, सातकन्या देवि पोखरी (याम गाउँ), दुध पोखरी (उहिया), रुप्चे ताल (लाप्राक) पर्दछन ।



धार्चेको खुल्ला संग्रहालय अन्तर्गत खोर्ला बेसीको पहरोमा खोपिएको बुद्धको मुर्ति



आरोही पार्क (फ्रेन्च पार्क)



यारुबगरस्थित क्यान्टीलिभर पुल

## २.२ गाउँपालिकाको मानवीय संसाधन

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ बैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत गाउँपालिकाको कार्य संचालन भई आएको छ।

यस गाउँपालिकामा आर्थिक प्रशासन तथा स्वीकृत संगठन संरचना अनुसार गाउँपालिकामा प्रशासन योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, स्वास्थ्य र कृषि पशु तर्फका निकायहरू गरी जम्मा ७ वटा शाखाहरू, १ आन्तरिक लेखा परिक्षण ईकाई र ७ वटा वडा कार्यालयहरूमा विभाजन गरिएको छ। गाउँपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरि राजस्व इकाई गठन गरेको छ जसमा ना.सु. १ जना र खरिदार २ जना गरि जम्मा ३ जना कर्मचारीको दरबन्दी राखिएको छ। धार्चे गाउँपालिकाले हालको अवस्थामा कर्मचारीको अभावमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरिएको तपशिलमा उल्लेखित संगठन संरचना अनुसार कार्य सञ्चालन गर्न सकिएको छैन।

**धार्चे गाउँपालिकाका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरिएको संगठन संरचना**



हाल गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका १: गाउपालिकाका कर्मचारीह□को विवरण**

| क्र.सं. | पद | स्वीकृत दरबन्दी | पदपूर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | १ | |
| २ | इन्जिनियर | १ | १ | |
| ३ | स्रोत व्यक्ति, शिक्षा शाखा | १ | १ | |
| ४ | भेटेरीनरी र कृषि | २ | २ | |
| ५ | जनस्वास्थ्य शाखा प्रमुख | १ | १ | |
| ६ | नायब सुब्बास्तर | २० | २० | |
| ७ | खरीदार स्तर | ६ | ६ | |
| ८ | कार्यालय सहायक | ६ | | ६ |
| ९ | कार्यालय सहयोगी | ५ | | ५ |
| **जम्मा** | | **४३** | **३२** | **११** |

## २.३ राजश्व शाखाको अवस्था

यस गाउँपालिकामा राजश्व शाखा गठन गरिएको छैन । ७ वटै वडाबाट आन्तरिक आयको संकलन वडा सचिव मार्फत भइरहेको छ । गाउँपालिकाबाट अभिलेख राखेर रसिद प्याडहरू वडा सचिवले लैजाने र संकलन गरिएको राजश्व मासिक रुपमा बैकमा जम्मा गरी भौचरसहित गाउँपालिकामा अभिलेख राख्ने गरिएको छ । गाउँपालिकाबाट संकलन गर्ने परिक्षा शुल्क, घ वर्गको निर्माण इजाजत पत्र, टेण्डर फर्म बिक्री जस्ता शिर्षकबाट संकलन गर्ने काम ना.सु. श्री लाल प्रसाद भट्टराईबाट गरिदै आएको छ । गाउँपालिकास्तर र वडाबाट संकलन भएको रकमको अभिलेख लेखापाल श्री गणेश बहादुर रानामार्फत गरिदैं आएको छ ।

## २.४ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँपालिकाको कार्यालय वडा नं. ५ को माछीखोलामा रहेको छ । गाउँपालिकाको आफ्नै भवन नभएकोले घर भाडामा लिएर सञ्चालनमा ल्याइएको छ । भाडामा लिइएको भवनमा पनि प्रयाप्त संख्यामा कोठाहरू नभएकाले सबै शाखाहरू व्यवस्थित रुपमा सञ्चालन गर्न कठिनाई भएको छ । आफ्नै जग्गामा भवन निर्माण गर्नकालागि जग्गाको खोजी भइरहेको छ । गाउँपालिकासँग बोलेरो जीप १ वटा, १० वटा मोटरसाइकल रहेका छन । ७ वटा वडाहरू मध्ये वडा नं १, २, ३, ५ र ६ मा पक्की भवनमा सञ्चालन गरिएको छ । वडा नं ४ र ७ मा कच्ची भवनमा सञ्चालन गरिएको छ । गाउँपालिकामा ९ वटा ल्यापटप, ४ वटा प्रिन्टर र १ वटा फोटोकपि मेसिन रहेको छ । ७ वडामा एक एक वटा ल्यापटप र डेस्कटप कम्प्युटर रहेका छन । ७ वटै वडाहरूमा एक एक वटा फोटोकपि मेसिन र प्रिन्टर रहेको छ । गाउँपालिकामा इन्टरनेटको सुविधा पनि राखिएको छ । गाउँपालिकाको कार्यालय तथा सबै वडाहरूमा महाविर पुनको सौजन्यता निशुल्क वाइफाईको व्यवस्था गरिएको गरिएको भएतापनि वडा नं १, २, ३ मा प्रभावकारी नेटवर्क अभावमा इन्टरनेटको सुविधा पुग्न सकेको छैन ।

# परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको राजश्वको दायरा, समस्या तथा चुनौतिहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई राजस्व सम्बन्धी तपशिलमा उल्लेखित अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

यसै गरी संघीय कानुनले (**स्थानीय सरकार संचालन ऐन, २०७४**) स्थानीय तहलाई आय संकलनकालागि तपशिलमा उल्लेखित अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकारः**

**कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा । (आर्थिक ऐन २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित व्यवस्था)
- भूमि कर (मालपोत)ः सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ वाट संसोधित व्यवस्था)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल विटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**विक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको विक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने ।
- यस्तो विक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**सामुदायिक वनबाट आय प्राप्त गर्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

- खनिज पदार्थको उत्खनन रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तिय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक विधेयक २०७५ बाट संसोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- वित्तिय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदान : कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्व स्वीकृति लिएरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नपर्ने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाब्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउछ ।

**तालिका २: गाउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | नभएको | नभएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | | |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | नभएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | छ | नभएको | नभएको |
| **ख.** | **गैर कर** | | | |

| क.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | नभएको | नभएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्रीबाट प्राप्त आय | छ | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | नभएको | भएको |
| ५ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ६ | बहाल विटौरी शुल्क | छ | नभएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | छ | नभएको | भएको |
| ८ | अस्पताल संचालन | छैन | नभएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | भएको |
| १० | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत महसुल | छ | नभएको | नभएको |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जीपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छ | नभएको | नभएको |
| १३ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि | छैन | नभएको | नभएको |
| १४ | मूल्यांकन सेवा शुल्क | छ | नभएको | भएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | भएको | भएको |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छैन | नभएको | नभएको |
| १७ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १८ | दण्ड जरिवाना | छ | भएको | भएको |

माथि उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले कर तर्फ ६ वटा शिर्षकहरूमध्ये सवारी कर ( टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) बाहेक अन्य ५ वटा शिर्षकहरूमा आय संकलन गर्ने सम्भावना देखिन्छ । जसमध्ये गाउँपालिकाले हालसम्म ३ वटा शिर्षकहरूको करका दरहरू निर्धारण गरेता पनि माघ मसान्तसंम मालपोत कर मात्र संकलन भइरहेको छ भने घर जग्गा बहाल कर संकलन हुने अवस्थामा रहेको छ । त्यसैगरि

गैर कर तर्फ समग्रमा जम्मा १८ वटा शिर्षकहरू मध्ये १५ वटा शिर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ । ८ वटा शिर्षकहरूमा दर निर्धारण गरिएको भएको भएतापनि ४ वटा शिर्षकहरूबाट मात्र राजश्व संकलन भइरहेको छ ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजस्व*

**क. सम्पत्ति कर**

**हालको अवस्था:** गाउँपालिकाले सम्पत्ति कर लगाउन पूर्व तयारी गर्ने योजना भएतापनि हालसम्म यसको शुरुवात भएको छैन र गाउँपालिकाले दर निर्धारण गरी करलाई कार्यान्वयनमा ल्याइएको छैन । विगतका आ.व.मा जस्तै चालु आ.व.मा पनि मालपोत कर नै संकलन गरिएको छ ।

**संभाव्यता:** गाउँपालिकाले सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गा (दोब्बर सम्म) मा सम्पत्ति कर लगाई बाँकी रहेको जग्गा र घर नभएको जग्गामा मालपोत लगाउने प्रावधान रहेको छ । गाउँपालिकामा करीब ४००० घरधुरी भएको अनुमान गरिएको छ । ती घर र घरले चर्चेको जग्गामा सम्पत्ति करको दर औषतमा रु २५० कायम गर्दा रु १०,००,००० संकलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- सम्पत्ति कर तयारी समिति गठन गरी कर व्यवस्थापन कार्यविधि तयार गर्नुपर्ने
- गाउँपालिका र वडास्तरमा सम्पत्ति कर संम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने
- आर्थिक ऐनमा सम्पत्ति करको दर निर्धारण गरी कर संकलनको लागि सफ्टवेयरको व्यवस्था गर्ने ।

**ख) मालपोत (भुमिकर)**

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमा मालपोतको दर उल्लेख गरी संकलन गरिआएको छ । १० रोपानी सम्म रु २०० एकमुष्ट र त्यसपछिको प्रति रोपनीमा रु ५ लिएको छ, जुन कम सम्पत्ति हुनेलाई धेरै दरबाट र धेरै हुनेलाई थोरै दरबाट मालपोत लिएको देखिन्छ । गत आ.व. मा रु ५,१६,१३९ संकलन गरेको थियो भने चालु आवको कार्तिक मसान्त सम्म रु ४०६८.५० संकलन गरेको छ ।

**संभाव्यता:** सम्पत्ति करकालागि आवश्यक पूर्वाधार खडा नभइसकेकाले हालको अवस्थामा मालपोत नै उपयुक्त देखिन्छ । यस गाउँपालिकामा २०६८ सालको जनगणना अनुसार ३१२८ घरधुरी रहेको र २०७२ सालको भुकम्पपश्चात भुकम्पको लाभग्राही सुचीमा पर्नकालागि दाजुभाई छुट्टिएर परिवार संख्या बढेको देखिन्छ । एक घरमा एक भन्दा बढी व्यक्तिको नाममा पनि घर जग्गा हुने भएकाले करीब ४००० करदाता भएको अनुमान गरिएको छ । ती करदाताबाट औषत करको दर २५० का दरले संकलन गर्दा रु १०,००,००० संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरू:** यस गाउँपालिकाको आन्तरिक आयको निकै महत्वपूर्ण स्रोत मालपोत कर भएकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिकाले निम्न पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ :

- मालपोतको दर पुनरावलोकान गरि परिमार्जन गर्ने (करको दर प्रगतिशिल बनाउने) ।
- मालपोतकोलागि जग्गाको अभिलेख राख्ने ।
- वडा कार्यालयले असुल गर्ने मालपोतको अभिलेख गाउँपालिकामा नियमित रुपले आउने व्यवस्था गर्ने र बर्षमा कम्तिमा १ पटक चेतनामूलक कार्य संचालन गर्ने ।
- मालपोत र सम्पत्ति कर एकै पटक लिने गरि एकिकृत असुली व्यवस्था लागु गर्ने ।

**ग) घरजग्गा बहाल कर**

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै कोठा भाडा लगाउने घरधनी वा संझौता बमोजिम बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । सबै वडाहरू ग्रामीण क्षेत्रमा पर्ने भएकोले घर भाडामा लाग्न सक्ने परिस्थिति छैन । हालसम्म बहाल करबाट आय संकलन भएको छैन । गाउँपालिकाको केन्द्र माछीखोलामा सारिए पश्चात यस क्षेत्रमा गाउँपालिका, सहकारी कार्यालय, बैक तथा अन्य संघसंस्थाहरू भाडामा बस्न थालेको छन ।

**संभावनाः** माछीखोलामा केन्द्र स्थापना भएपछि संघसस्थाहरू तथा बैकहरू भाडामा बस्ने क्रम बढ्दो छ । यस्ता संस्थाहरूले घर भाडामा लिंदा बहाल कर तिर्नुपर्ने भएकाले यस आर्थिक वर्षदेखि बहाल करमा पनि राजश्व संकलन हुने देखिन्छ । यी सबै अवस्थालाई मध्यनजर गर्दा घर बहाल करको शिर्षकबाट करीब ५० करदाताबाट २ लाख राजश्व संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाको वस्तुस्थिति विवरण तयार पार्दा बहालमा भएका घरजग्गा तथा बहालमा लाग्न सक्ने घरहरूको लगत संकलन गरी अद्यावधिक गर्ने ।
- घर बहाल कर संकलन निर्देशिका तयार गरि लागु गर्ने ।

**घ) व्यवसाय कर**

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐनमा यस क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । व्यवसायहरूलाई व्यवसायको किसिम र आकारको आधारमा वर्गिकरण गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु १०० देखि अधिकतम रु ५००० सम्म रहेको छ तर हालसम्म असुली शुन्य छ ।

**संभावनाः** यस गाउँपालिकाको माछीखोला, लापुवेशी, खोर्लाबेशी, दोभान, यारुबगर, लाप्राक, रिचुलङ क्षेत्रमा व्यापार व्यवसाय रहेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायहरुको किसिमअनुसारका संख्यासम्बन्धी तथ्यांक तत्काल उपलब्ध छैन । हालसालै केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजाअनुसार यस गाउँपालिकामा जम्मा ५३४ वटा व्यवसाय रहेका र ९७५ जना उक्त व्यवसायमा संलग्न रहेको देखिन्छ । उल्लेखित व्यवसायहरुबाट औषत रु ४०० का दरले संकलन हुँदा रु २१३,६०० संकलन हुने देखिएको छ ।

**सुधारका पक्षहरूः** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- उद्योग वाणिज्य संघको इकाई गठन गरी सो इकाई मार्फत व्यवसाय करको दरमा सहमति कायम गर्ने ।
- व्यवसायीहरूको तथ्याङ्क संकलन गरी गाउँपालिकामा दर्ता हुने व्यवस्था शुरु गर्ने र प्रचार प्रसार गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने ।

**ङ) जडिवुटी, कवाडी, जीवजन्तु कर**

**हालको अवस्थाः** यो गाउँपालिकामा यार्सागुम्वा, जटामसी, चिराइतो, लौठसल्ला, सतुवा, कुट्की, मुसली, काउलो, वनलसुन, पाषाणभेद, सुगन्धवाल, जिवन्ती, शिलाजित, नागवेली, तेजपात, निरमसी पद्मचाल, मजिठो, भ्याउ, गामाडोल, बेलाडोना, सुगन्धकोकिला, सोमलता आदि जातका महत्वपूर्ण प्रजातिहरू पाइन्छन् र त्यसको

व्यवसायीक कारोवार भईरहेको छ । सामुदायिक वनले यस्ता वस्तुको संकलन तथा विक्री गरि आएको छ तर गाउँपालिकाले हालसम्म यसकोलागि कर निर्धारण गरेको छैन ।

**संभावनाः**

गाउँपालिका क्षेत्रबाट करिव २००० किलो जडीबुटी संकलन गर्न सकिने सम्भावनाको आंकलन गरिएको छ । विविध प्रकारका जडिबुटीहरूको निकासी गर्दा औषतमा प्रति किलो रु १२५ का दरले कर लिंदा रु २५०,००० संकलन हुने संभावना देखिन्छ । कवाडी मालसामानको निकासी गर्नकालागि बाह्रै महिना सञ्चालन हुन सक्ने स्थायी सडकको सुविधा नभएकोले तत्काल यस शिर्षकमा संभावनाको लेखाजोखा गरिएको छैन ।

**सुधारका पक्षहरूः** कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा संकलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्यांक संकलन गर्ने ।
- जडिबुटीको किसिम अनुसार करको दर निर्धारण गरि आर्थिक ऐनमा उल्लेख गर्ने ।

### *३.३.२ गैर कर राजस्व*

**क) स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री**

**हालको अवस्थाः** यस गाउँपालिका हुँदै बग्ने बुढी गण्डकी नदि, माछीखोला लगाएत अन्य खोलाबाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्पादन भई गाउँपालिका क्षेत्रमा उपयोग भई आएको छ । गाउँपालिकाले बुढी गण्डकी नदी तथा माछी खोलाबगरको नदिजन्य पदार्थ संकलन गरी बिक्री गर्नकालागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिबाट स्वीकृति गराई सोही आधारमा ठेक्काको लागि रु ९५ लाखमा बोलपत्र आव्हान गर्दा पहिलो पटक कुनैपनि फर्मले आवेदन गरेनन् । दोस्रो पटकमा घाटहरु अलग अलग गरी शिलबन्दी बोलपत्र आव्हान गर्दा पनि बोलपत्र फारम नै बिक्री हुन सकेन । बुढी गण्डकी नदि किनारबाट ट्र्याक्टर तथा खच्चरबाट अवैध रुपमा उत्खनन गरिएको छ । नदिबाट बाहिर ल्याई आवासिय क्षेत्रसम्म लैजाने राम्रो बाटो नभएकोले ढुवानीमा समस्या देखिन्छ । पूर्व वातावरणीय परिक्षणको प्रतिवेदन अनुसार उत्खनन तथा संकलन गर्न सकिने स्थानहरूमा यारु बगर, लापुबेशी, खानीबेशी, तथा माछी खोला बगर रहेको छन । उत्खनन गर्न सकिने नदिजन्य पदार्थ तथा संकलन हुन सक्ने कुल राजश्व सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका ३: नदिजन्य पदार्थ उत्खनन परिमाण सम्बन्धी विवरण**

| क्र.सं. | नदिजन्य पदार्थ | जम्मा |
|---|---|---|
| १ | दैनिक उत्खनन सिफरिस गरिएको (क्यू.मि.) | २५० |
| २ | वार्षिक उत्खनन सिफरिस गरिएको (क्यू.मि.) | ६७, ५०० |
| ३ | वार्षिक उत्खनन सिफरिस गरिएको (क्यू.फुट.) | २३८३७४० |
| ४ | राजश्व प्रति क्यू. फुट (गण्डकी प्रदेश सरकारले निर्धारण गरेको दरको आधारमा प्रस्तावित) | रु.४ |
| | कुल राजश्व (प्रति वर्ष) | रु ९५३४९६० |

स्रोत : प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५

**संभावनाः** प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन अनुसार बुढी गण्डकी नदि तथा माछी खोलाको विभिन्न स्थानबाट करीब रु ९५ लाख बराबरको नदिजन्य पदार्थ उत्खनन गरी बिक्री गर्न सकिने कुल सम्भावना देखिन्छ । उक्त सम्भावना भएतापनि ढुवानीकालागि भरपर्दो सडक सञ्जाल नभएकोले र भुकम्प पश्चात नयाँ घरहरू बन्ने क्रम करीब अन्तिम चरणमा रहेको हुनाले सम्पूर्ण रकम संकलन हुने सम्भावना देखिदैन । हालको अवस्था र

आगामी आ.व.मा हुन सक्ने निर्माणको सम्भावना आंकलन गर्दा आगामी आ.व.मा यस शिर्षक बाट जम्मा रु. ४५ लाख राजश्व संकलन गर्न सकिने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- IEE प्रतिवेदनले एकीन गरेको परिमाणमा ठेक्का नलागेकाले अमानतबाट बिक्री गर्नकालागि आवश्यक प्रक्रिया मिलाउने ।
- नदिजन्य पदार्थको उत्खनन निर्वाध रुपमा भइरहेकोले त्यसलाई गाउँपालिकाले रोक्नकालागि पहल गर्नुपर्ने ।
- नदिजन्य पदार्थको निकासी गर्न सडक निर्माणमा संलग्न भएको नेपाली सेनासंग समन्वय गरी सहजीकरण गर्ने ।

**ख) बहाल विटौरी शुल्क**

**हालको अवस्था:** गाउँपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटबजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । गाउँपालिकाले आर्थिक ऐनमा बहाल विटौरी शुल्क लगाइने व्यहोरा उल्लेख गरेता पनि दर निर्धारण गरेको छैन ।

**संभावना:** यस गाउँपालिकाको वडा नं ३ स्थित खोर्लाबिशी, वडा नं १ को यारुवगरमा अस्थायी टहरा निर्माण गरी, माछीखोला तातोपानी क्षेत्रमा जात्रा लाग्दा, तथा हाट बजारको शुरुवात गरी बहाल विटौरी शुल्क संकलन गर्न सक्ने सम्भावना देखिन्छ । हाट बजार तथा जात्रा व्यवस्थित गरी यस शिर्षकबाट रु ५० हजार संकलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी बहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरि कार्यान्वयन गर्ने ।
- बहाल विटौरी शुल्ककालागि वडा नं ३ को खोर्लाबिसी तथा वडा नं १ को यारुबगरमा संरचना तयार पारी बहाल विटौरी शुल्क लगाउन पहल गर्ने ।
- बहाल विटौरी शुल्कको दर निर्धारण गरि आर्थिक ऐनमा उल्लेख गर्ने ।

**ग) नक्सा पास दस्तुर :**

**हालको अवस्था:** गाउँपालिकाले नक्सापास दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरेको छ । घर निर्माण नक्सापास गर्दा ढलान घरको रु २ प्रति वर्ग फिट, ढलान नगरेको घरको रु १ प्रति वर्गफिट र माटोले जडान गरेको घरको रु ०.५ प्रति वर्ग फिट निर्धारण गरेको छ । आर्थिक ऐनमा राजश्वका दर उल्लेख गरिएको भएता पनि हालसम्म रकम संकलन भएको छैन ।

**सम्भावना:** यस गाउँपालिकाको घोषणा तथा सडकको समेत पहुँच हुँदै जाँदा यस क्षेत्रमा पक्की घरहरू निर्माण हुने क्रम बढ्ने देखिन्छ । पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सापास गर्ने गर्दा उल्लेख्य मात्रामा राजश्व संकलन हुने देखिन्छ । पुराना घरको अभिलेखीकरण तथा नयाँ घरको नक्सा पास दस्तुरबाट करीब रु १५०,००० राजश्व संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरू:** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- घरहरूको नक्सापास प्रकृया शुरु गर्ने ।
- नक्सापास लागु गर्नु पूर्व बनेका घरहरूको अभिलेखिकरणकालागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।

- नक्सापासको दर पुनरावलोकन गरि परिमार्जन गर्ने ।

- भुकम्पको लाभग्राही सुचीमा परी संघिय सरकारबाट रु ३ लाख सहयोग प्राप्त गरी निर्माण भएका घरहरूलाई पक्की घर सरह मानी नक्सापासको दायरामा ल्याउने ।

